# हरिवन नगरपालिका
# दरबन्दी मिलान तथा शिक्षक व्यवस्थापन कार्यबिधि २०८३

नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०८३।०२।२१


हरिवन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिवन सर्लाही
मधेश प्रदेश नेपाल

## हरिवन नगरपालिका
## दरबन्दी मिलान तथा शिक्षक व्यवस्थापन कार्यबिधि २०८३

**प्रस्तावना**

नगरपालिकामा सञ्चालित सवै सामुदायिक विद्यालयहरुको लागि नेपाल सरकार र स्थानीय सरकारबाट उपलब्ध गराइएको दरबन्दीलाई समानुपातिक वितरण गरी व्यवस्थापनमा सुधार तथा गुणस्तरयुक्त विद्यालय शिक्षा विकास गर्न र शिक्षकहरुको शिक्षण सिकाइ अनुभवलाई अन्य विद्यालयहरुमा उपयोग गर्न साथै शिक्षक, कर्मचारीको व्यवस्थापन गर्न वाञ्छनीय भएकोले, हरिवन नगरपालिकाले नेपालको संविधानको धारा २२६ ले दिएको अधिकार प्रयोग गरी नेपालको संविधानको अनुसुची ८ को क्रम संख्या ८, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा खण्ड ज (११) र नगर शिक्षा ऐन २०८१ को दफा ५५, नगर शिक्षा नियमावलीको नियम १०३ ले दिएको अधिकार प्रयोग गरी हरिवन नगरपालिकाको नगर कार्यपालिकाको मिति ....................गते वसेको बैठकले **दरबन्दी मिलान तथा शिक्षक व्यवस्थापन कार्यबिधि २०८३** पारित गरी लागु गरेको छ।

### परिच्छेद - १
### संक्षिप्त नाम र प्रारम्भ

**१.१ संक्षिप्त नाम र प्रारम्भ**

क. यस कार्यविधिको नाम " **दरबन्दी मिलान तथा शिक्षक व्यवस्थापन कार्यबिधि २०८३** रहेको छ।

ख. यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भए पश्चात हरिवन नगरपालिका भित्र लागु हुनेछ।

**१.२ परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा

क. **"नगरपालिका"** भन्नाले हरिवन नगरपालिका वुझ्नुपर्नेछ।

ख. **"प्रमुख"** भन्नाले हरिवन नगरपालिकाको नगर प्रमुखलाई वुझ्नुपर्नेछ।

ग. **"उप प्रमुख"** भन्नाले हरिवन गरपालिकाको नगर उप प्रमुखलाई वुझ्नुपर्नेछ।

घ. **"कार्यपालिका"** भन्नाले हरिवन पालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्नेछ।

ङ **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले हरिवन नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्नेछ।

च. **"नगर शिक्षा समिति"** भन्नाले हरिवन नगरपालिकाको नगर शिक्षा समितिलाई सम्झनु पर्नेछ।

छ. **"तह"** भन्नाले हरिवन नगरपालिकामा रहेका विद्यालयको तह सम्झनु पर्नेछ।

ज. **"सामुदायिक विद्यालय"** भन्नाले समुदायको पहलमा स्थापना गरिएको नाफा रहित प्रकृतिको नेपाल सरकारवाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालयलाई सम्झनु पर्नेछ।

झ. **"शिक्षा प्रमुख"** भन्नाले नगरपालिका भित्रका स्थानीय तहको शिक्षा सञ्चालन, व्यवस्थापन, नियमन, निर्देशन, अनुगमन र मूल्यांकन गर्ने तथा ऐन वमोजिम तोकिएको कार्य गर्न नेपाल सरकारले खटाएको शिक्षा शाखाको वरिष्टतम कर्मचारी सम्झनु पर्नेछ।

ञ. **"शिक्षा अधिकृत"** भन्नाले नगरपालिका भित्रका स्थानीय तहको शिक्षा सञ्चालन, व्यवस्थापन, नियमन, निर्देशन, अनुगमन र मूल्यांकन गर्ने तोकिएको शिक्षा सेवाको अधिकृत स्तरको कर्मचारीलाई जनाउँछ।

हरिवन नगरपालिका नगर कार्यपालिकाको कार्यालय हरिवन, सर्लाही मधेश प्रदेश, नेपाल २०७३

ट. "**शिक्षक**" भन्नाले विद्यालयको अध्यापक सम्झनु पर्छ। सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँछ।

ठ. "**शिक्षक व्यवस्थापन**" भन्नाले हरिवन नगरपालिका भित्र सञ्चालित सामुदायिक विद्यालयहरुमा कार्यरत सबै तहका शिक्षक कर्मचारी र बालविकास शिक्षक समेतको सरुवा पदस्थापन तथा कामकाजमा समेतलाई जनाउँछ।

ड. "**दरबन्दी मिलान**" भन्नाले निश्चित मापदण्डका आधारमा विद्यालयमा कायम हुने शिक्षक दरबन्दीलाई जनाउँछ।

ढ. "**वडा अध्यक्ष**" भन्नाले हरिवन नगरपालिकाभित्रका सम्बन्धित वडाका वडा अध्यक्षलाई जनाउनेछ।

## परिच्छेद २
## समिति सम्बन्धी व्यवस्था

**२.१ दरबन्दी मिलान तथा शिक्षक व्यवस्थापन समितिमा देहायका पदाधिकारीहरु रहनेछन् :**

| | |
|---|---|
| क) सामाजिक विकास समितिको संयोजक | अध्यक्ष |
| ख) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ग) सम्पूर्ण वडाका वडा अध्यक्ष | सदस्य |
| ङ) शिक्षा अधिकृत | सदस्य |
| घ) शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख | सदस्य- सचिव |

२.२ आवश्यक्ता अनुसार समितिको बैठक बस्नेछ। बैठकमा २ जना सम्मलाई आमन्त्रितमा राख्न सकिनेछ।

**२.२ समितिको काम कर्तब्य र अधिकार**

क) विद्यालय दरबन्दी मिलान तथा शिक्षक व्यवस्थापन गर्न आवश्यक मापदण्ड बनाई स्वीकृतिका लागि कार्यपालिकामा पेश गर्ने।

ख) विद्यालयबाट सूचना सङ्कलन गरी स्वीकृत मापदण्ड बमोजिम दरबन्दी मिलान तथा शिक्षक व्यवस्थापन गर्न स्वीकृतिका लागि कार्यपालिकामा पेश गर्ने।

ग) कार्यपालिकाले स्वीकृत गरी तोकिदिएका कार्यहरु प्रभावकारी कार्यान्वयन गर्ने गराउने।

## परिच्छेद ३
## दरबन्दी मिलान तथा शिक्षक व्यवस्थापनका आधारहरु

**३.१ विद्यालय, विद्यार्थी र शिक्षक संख्या एकीन गरी दरबन्दी मिलान तथा शिक्षक व्यवस्थापनका कार्यहरु देहाय बमोजिम क्रमशः गर्नुपर्नेछः**

**क)** दरबन्दी मिलान तथा शिक्षक व्यवस्थापन गर्नु पूर्व नगरपालिकामा रहेको सामुदायिक विद्यालयको तह, विद्यालयको संख्या, विद्यार्थीको कक्षागत संख्या तथा शिक्षक संख्या एकीन गर्नुपर्ने छ।

**ख)** विद्यार्थी संख्या एकीन गर्दा IEMIS र वास्तविक कक्षाकोठामा उपस्थित संख्यालाई आधार मानिने छ।

**ग)** शिक्षक संख्या एकिन गर्दा शिक्षा तथा मानव स्रोत विकास केन्द्र र शिक्षा विकास तथा समन्वय इकाइले उपलब्ध गराएको दरबन्दी तालिकालाई आधार मानी शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ८ बमोजिम दरबन्दी मिलान, सरुवा तथा व्यवस्थापन गरिनेछ।

**घ)** शिक्षक दरबन्दी मिलान तथा शिक्षक सरुवा र व्यवस्थापनको कार्य सम्पन्न भई पदस्थापना गरेपछि सम्बन्धित शिक्षकको दरबन्दी तोकिएको विद्यालयमा कायम गरिनेछ।

ङ) विद्यालयमा विद्यार्थी सङख्या कम भएमा दरबन्दी कटौती हुने र बढी भएमा अनुपात मूल्याङकन गरी दरबन्दी थप हुने स्वचालित दरबन्दी मिलान प्रणाली लागू गरी सोही बमोजिम शिक्षक व्यवस्थापन गरिनेछ।

हरिवन नगरपालिका नगर कार्यपालिकाको कार्यालय हरिवन, सर्लाही

## परिच्छेद ४
## दरबन्दी मिलान तथा शिक्षक व्यवस्थापन प्रक्रिया

**४.१ शिक्षक दरवन्दी मिलान गर्दा समितिको सिफारिस प्राप्त गरी देहाय बमोजिमको मापदण्ड कायम गरिने छ:**

**क)** कार्यरत शिक्षक संख्या, सञ्चालित कक्षा चालु शैक्षिक वर्षको अध्याबधिक इमिसको विवरण र कक्षामा उपस्थित हुने विद्यार्थी सङ्ख्याका आधारमा सम्भव भएसम्म विषयगत शिक्षकको व्यवस्थापन निम्न अनुसार गरिनेछ ।

| विद्यालयको तह र सञ्चालित कक्षा | प्रारम्भिक वालविकास | आधारभूत तह कक्षा १-३ | आधारभूत तह कक्षा १-५ | आधारभूत तह कक्षा ६-८ | माध्यमिक तह कक्षा ९-१० | माध्यमिक तह कक्षा ११-१२ |
|---|---|---|---|---|---|---|
| कायमहुने न्युनतम शिक्षक सङ्ख्या | प्रति वालविकास केन्द्र १ जना | प्राथमिक तह ३ जना | प्राथमिक तह ४ जना | निम्न माध्यमिक तह ३ जना | माध्यमिक तह ३ जना | उच्च माध्यमिक तह २ जना |

**ख)** विद्यालयमा स्वीकृत दरबन्दीमा कार्यरत स्थायी/अस्थायी/राहत/शिक्षण सिकाई अनुदान कोटा/ न.पा. अनुदान र वडा अनुदान समेतमा कार्यरत तहगत शिक्षकको सङख्यालाई आधार लिइनेछ।

**ग)** कम्तिमा १५ जना बालबालिकाको लागि बालविकास कक्षामा १ जना बालबिकास शिक्षक अनिवार्य हुने व्यवस्था मिलाइनेछ । हाल सञ्चालनमा रहेका बालबिकास केन्द्रमा १५ जना भन्दा कम बालबालिकाको संख्या भएमा निजको दरबन्दी पुलमा राखी निजको योग्यताको आधारमा आधारभुत तह (१-५) मा समेत खटाउने व्यवस्था गरिनेछ।

**४.२ शिक्षक व्यवस्थापन तथा सरुवा गर्दा देहाय बमोजिमको मापदण्ड कायम गरिने छ ।**

**क)** दरबन्दी मिलान कार्य शैक्षिक जनशक्तिको सङ्ख्यात्मक र विषयगत मिलान समेत भएकाले शिक्षा ऐन २०२८ र शिक्षा नियमावली २०५९ मा उल्लेखित तहगत र विषयगत मिलानमा प्रभाव पर्ने गरी विषय परिवर्तन गरिनेछैन ।

**ख)** कुनै पनि विद्यालयमा शिक्षा ऐन २०२८ र शिक्षा नियमावली २०५९ मा उल्लेखित तहगत र विषयगत दरबन्दीमा एउटै विषयका शिक्षक बढी हुन आएमा अर्को विद्यालयमा सम्बन्धित विषयगत मिलान हुने गरी पदपुर्ति गरिनेछ ।

**ग)** कार्यरत शिक्षक संख्या, सञ्चालित कक्षा चालु शैक्षिक वर्षको अध्याबधिक इमिसको विवरण र कक्षामा उपस्थित हुने विद्यार्थी सङ्ख्याका आधारमा सम्भव भएसम्म निम्न अनुसार शिक्षक विद्यार्थी अनुपात कायम गरिनेछ ।

| विद्यालयको तह र सञ्चालित कक्षा | आधारभूत तह कक्षा १-३ | आधारभूत तह कक्षा १-५ | आधारभूत तह कक्षा ६-८ | माध्यमिक तह कक्षा ९-१० | माध्यमिक तह कक्षा ११-१२ |
|---|---|---|---|---|---|
| शिक्षक विद्यार्थी | १:२० | १:२० | १:४० | १:४० | १:४० |

हरिवन नगरपालिका नगर कार्यपालिकाको कार्यालय हरिवन, सर्लाही मधेश प्रदेश, नेपाल २०७२

| | | | | | |
|---|---|---|---|---|---|
| अनुपात | | | | | |
| वडा न १ केराबारी | १:१५ | १:१५ | ० | ० | ० |

घ) दरबन्दी मिलानका क्रममा बढी हुन आई कटौती हुनु पर्ने दरबन्दीलाई नगर शिक्षा समितिको पुल दरबन्दीमा राखी शिक्षक विद्यार्थी अनुपातका आधारमा शिक्षकको योग्यता, मूल विषय र निजले प्राप्त गरेको अध्यापन अनुमति पत्रका आधारमा देहाय बमोजिम खटाइनेछ ।

१) शिक्षक खटाउँदा भरसक तल्लो तहमा नियुक्त भई माथिल्लो शैक्षिक योग्यता भएका शिक्षकलाई शिक्षक कमी भएका सबै भन्दा बढी बिद्यार्थी भएका निम्न माध्यमिक तथा माध्यामिक तह कक्षा (६-८) र कक्षा (९-१२) सञ्चालन भएको विद्यालयहरुको माथिल्लो कक्षामा अध्यपन गर्ने गरी खटनपटनको व्यवस्था मिलाउनु पर्नेछ । यसरी खटिने शिक्षकले तोकिएको योग्यता मूल विषय अध्यापन अनुमति पत्र जस्ता वैयक्तिक विवरण प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नु पर्नेछ ।

यस दफाको प्रयोजनको लागि कार्यपालिकाले शिक्षक सेवा आयोगको पठ्यक्रमको अनुसार माथिल्लो तहको परीक्षा लिई योग्य उम्मेदवार छनोट गर्न सक्नेछ । यसरी माथिल्लो तहमा छनोट भएका शिक्षकलाई यथासम्भव थप पारिश्रमिकको व्यवस्था गर्नु पर्नेछ ।

२) सम्बन्धित तहको दरबन्दी उपलब्ध गराउन नसक्ने अवस्थामा तल्लो तहको माथिल्लो शैक्षिक योग्यता भएका शिक्षकबाट कक्षा सञ्चालनको व्यवस्था मिलाई तत्कालको शिक्षक अभावलाई सम्बोधन गर्दै लैजाने व्यवस्था गरिनेछ ।

३) दरबन्दी मिलानका क्रममा हाल सम्म तहगत र विषयगत दरबन्दी प्राप्त नभएका विद्यालयलाई सम्बोधन गर्ने र सम्भव भएसम्म अध्यापनको विषय मिल्ने गरी विद्यार्थी सङ्ख्या कम भई शिक्षक सङ्ख्या कटौतीमा परेका दरवन्दी विद्यार्थी सख्या वढी भएका विद्यालयमा क्रमशः मिलान गर्नु पर्नेछ ।

**४) शिक्षक दरबन्दी तथा व्यवस्थापन प्रक्रिया देहायको बमोजिम गरिनेछ:**

क) शिक्षा, यूवा तथा खेलकुद शाखाले शिक्षकहरुको सूचि तयार गर्नेछ । यसरी तयार गरेको सुची र विद्यालयको आवश्यकता, विद्यार्थी संख्याको आधारमा शिक्षकको दरबन्दी मिलान व्यवस्थापन सम्बन्धी निर्णय गर्न कार्यपालिका समक्ष पेश गरिनेछ । कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

यसरी दरबन्दी मिलान, शिक्षक सरुवा तथा व्यवस्थापन गर्दा शिक्षा नियमावली, २०५९ बमोजिम प्रअ नियुक्त भई ५ वर्ष अवधि पूरा नभएका, अन्य शिक्षकको हकमा सम्बन्धित तहमा ५ वर्ष शिक्षण अवधि पुरा नभएका र उमेरका कारण अनिवार्य अवकाश हुन बाँकि १ वर्ष अवधि भएका बाहेकका शिक्षकको आवश्यक्ता अनुसार व्यवस्थापन गरिनेछ ।

माथि उल्लिखित बाहेक दरबन्दी मिलानका क्रममा विद्यार्थी संख्या, शिक्षक संख्या, तहगत र विषयगत आवश्यक्ताका आधारमा शिक्षक व्यवस्थापन गर्न सकिनेछ ।

ख) अपाङ्गता भएका शिक्षकको हकमा अपाङ्गताको वर्गीकरण अनुसार (क) र (ख) श्रेणीका अपाङ्गता भएका शिक्षकहरुलाई सम्भव भएसम्म निजको घर पायक पर्ने गरी व्यवस्थापन गर्न सकिनेछ ।

ग) हाल कायम भएको शिक्षक विद्यार्थी अनुपात भन्दा बढी शिक्षक दरवन्दी स्वत: नगरपालिकाको पुल दरवन्दीको रुपमा रहनेछ । पुलको रुपमा रहेको दरवन्दी कार्यपालिकाले जुनसुकै समयमा विद्यार्थी संख्या बढी भएको विद्यालयमा स्थानन्तरण गर्न सकिनेछ ।

घ) अधारभूत कक्षाको कक्षा १ देखि ५ सम्म शिक्षक विद्यार्थी अनुपात र कक्षा संख्याको आधारमा तथा अन्य कक्षाहरुको हकमा शिक्षक विद्यार्थी अनुपात र विषयगत आधारमा शिक्षक व्यवस्थापन गरिनेछ।

च) प्रस्तावित यस मापदण्ड अनुसार १ देखि ५ सम्म सञ्चालनमा रहेका विद्यालयमा यदि २० जना विद्यार्थी सख्याको ६० प्रतिशत विद्यार्थी बृद्धि भएमा थप १ शिक्षकको दरवन्दी थप गर्न सकिने व्यवस्था गरिनेछ। निम्नमाध्यमिक र माध्यमिक तहका हकमा पनि सोही आधारमा थप गर्ने व्यवस्था गर्न सकिनेछ।

छ) कक्षा ६ देखि १२ कक्षासम्म अध्यापन गराउने शिक्षकहरुको लगातार २ शैक्षिक सत्रसम्म कार्य सम्पादन मूल्याङ्कन, विषयगत नतिजा, BEE र SEE को नतिजा तथा कक्षा १२ को कुनै एक नतिजा औसत न्यून भएमा सोही आधारमा जुनसुकै समयमा शिक्षकको सरुवा गर्न सकिनेछ।

ज) शिक्षक व्यवस्थापनका लागि स्थायी, राहत र करारका शिक्षकहरु तथा विद्यालयमा कार्यरत बालबिकास शिक्षक र विद्यालय कर्मचारीको अवश्यकतानुसार दरबन्दी मिलान र व्यवस्थापन गर्न सकिनेछ।

झ) सार्वजनिक विद्यालयको कक्षा ११ मा कम्तिमा १५ जना भन्दा कम विद्यार्थी सङख्या भएमा साविकको उच्च माध्यामिक तह (हालको ११/१२) को दरबन्दी नगरपालिकाको पुल दरबन्दीमा राखी आवश्यकता अनुसार बढी विद्यार्थी सङख्या भएका विद्यालयमा विषय मिलान हुने गरि खटाइनेछ।

ञ) सरुवा भएको शिक्षकले खटाएको विद्यालयमा तोकिएको समयभित्र नियमानुसार रमाना लिई हाजिर हुनु पर्नेछ, अटेर गरेमा कार्यपालिकाले नियमानुसार कारबाही अगाडी बढाउनेछ।

**४.३ कार्यपालिकाबाट स्वीकृत गर्नुपर्ने:** शिक्षा युवा तथा खेलकुद शाखाले तयार गरेको सूची शिक्षा समितिको सिफारिस सहित स्वीकृतिका लागि नगर कार्यपालिकामा पेश गर्नुपर्नेछ। कार्यपालिकाको स्वीकृति पश्चात मात्र दरबन्दी मिलान तथा व्यवस्थापन कार्य कार्यान्वयन गरिनेछ।

## परिच्छेद ५
## दरबन्दी मिलानको क्षेत्र

५.१ नगरपालिकाले दरबन्दी मिलान गर्दा नगरपालिका भित्रको सबै विद्यालयको एकै पटक वा पटकपटक वा आवश्यकता अनुसार छुट्टाछुट्टै तहगत दरबन्दी मिलान गर्ने निर्णय गर्न सक्नेछ।

**५.२ जिल्लान्तर तथा अन्तर स्थानीय तह सरुवा सम्बन्धी व्यवस्था:** जिल्लान्तर तथा अन्तर स्थानीय तह सरुवा सम्बन्धी व्यवस्था सङ्घीय कनून बमोजिम हुनेछ।

## परिच्छेद ६
## विविध

६.१ यस कार्यविधि वमोजिम उल्लेख भएका प्रावधानहरु ऐन, नियम तथा प्रचलित नेपाल कानुनसँग वाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ।

६.२ कार्यविधिमा उल्लेख भएका सम्पूर्ण विषयवस्तु कार्यपालिकामा निहीत रहनेछ, वाधा अड्चन फुकाउनु परेमा कार्यपालिकाको निर्णय अन्तिम हुनेछ।